प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र महोत्तरी , जलेश्वर

फोन नं ०४४-०३८८४५
इमेल

पत्र संख्या : २०७७/७८

मिति २०७७/८/१८

च.न.

सुचना ! सुचना ! सूचना !

आ.व. २०७७/७८ मा कृषि ज्ञान केन्द्र महोत्तरीले व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) बिकास कार्यक्रम यस जिल्लाको प्रत्येक न.पा./गा.प. मा १,१ वटा संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषक /कृषि समुह/कृषि सहकारी/जल, बन उपभोक्ता समिति/कृषि फर्म/ कृषि उधमीहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अर्थात २०७७/८/२१ देखि २०७७/९/५ सम्म ) यस केन्द्रमा तोकिएको ढांचा अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।साथै यस बिषयमा थप जानकारी को लागि फोन ०४४ - ५२०५३२ मा सम्पर्क गर्न सकिनेछ ।

शर्तहरु:

१. ब्लक को लागि क्षेत्रफल /संख्या को न्युनतम आधार:

खाधान्न बालीको लागि २२५ बिगाहा
आलु र तरकारी बाली को लागि १२० बिगाहा
दलहन ,तेलहन, मसला बाली को लागि १५० बिगाहा
फलफूल बाली को लागि १५० बिगाहा
मौरी खेति को लागि १००० घार
कन्ये तथा गोब्रे च्याउ खेति-१०००० के जि च्याउको बीउ
प्लास्टिक घरमा खेति १५ बिगाहा

२. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :

१. सम्बन्धित निकायमा कृषि समुह /कृषि सहकारी/ संस्था /समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाण पत्र को प्रतिलिपि ।

२. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन ) को स्वामित्व खुल्ने कागजात वा भाडा को जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा ।

३. निवेदक को नागरिकता /परिचय खुल्ने प्रमाण पत्र को प्रतिलिपि ।

४. कार्य समितिको निर्णय को प्रतिलिपि ।

३. ब्लक अन्तरगत संचालन हुने कार्यक्रमहरु:

क्षमता विकास कार्यक्रम --अभिमुखीकरण कार्यक्रम , स्थलगत तालिम
प्रविधि तथा प्राविधिक सहयोग --प्रविधि प्रदर्शन , माटो व्यवस्थापन , बाली संरक्षण सेवा, बिउ उपचार , बगैचा सुदृढिकरण
उत्पादन सामग्रीमा सहयोग -क्षेत्र बिस्तार,बीउ श्रोत केन्द्र स्थापना , शेड हाउस, ग्रीन हाउस ,स्क्रीन हाउस , नेट हाउस , आदि
कृषि औजार उपकरण मा अनुदान
पोष्टहार्भेष्ट सेन्टर स्थापना
नर्सरी पूर्वाधार विकास सहयोग
साना सिंचाई निर्माण मर्मत सम्भार
बाँझो जमिनलाई बिरुवाहित गर्ने, आदि
*जोन तथा पकेट लागु भएका पालिकाका वडाहरु / क्षेत्रहरु तथा कृषकहरु ब्लक कार्यक्रममा मा समावेश गरिने छैन।

डा. रामचन्द्र यादव
वरिष्ठ कृषि विकास अधिकृत (दशौं तह)
डा. रामचन्द्र यादव
प्रमुख